नेपाली राजदूतावास
ओटवा, क्यानडा
**Embassy of Nepal**
**Ottawa, Canada**

***<u>अत्यन्त जरुरी</u>***

पत्र संख्याः ओ/१७७७

मितिः २०७४/१/२८

श्री गैरआवासीय नेपाली संघ
क्यानडा।
एवं
नेपाली समुदायका सम्पूर्ण संगठित संघ-संस्थाका अध्यक्ष तथा बोर्ड।

केही दिन यता नेपाली राजदूतावास, ओटवाको टेलिफोन नं. ६१३-६८०-५५१३ ह्याक गरी विभिन्न स्थानमा रहेका नेपाली समुदायका नागरिकहरुको खासगरी लेन लाइनमा फोन गरी नेपाली र अंग्रेजी दुवै भाषामा "म नेपाली राजदूतावासको कर्मचारी हुँ, तपाई IRCC (Immigration, Refugee and Citizenship Canada) को Fraud List मा हुनुहुन्छ, तपाईको केस फाईन नं...हो। तपाई आफ्नो समस्या समाधान गर्न चाहनुहुन्छ भने मलाई यति/उति डलर तुरुन्त दिनुस अन्यथा तपाईलाई देश निकाला गरिदिन्छु" भन्ने प्रकारको भाषा र अन्य धाकधम्की समेत दिने गरेको भनी पीडितले यस राजदूतावासमा जानकारी गराउनु भएको विषयमा यस राजदूतावासको ध्यानाकर्षण भएको छ। हालसम्म ह्याकरले एडमन्डन, क्यालगरी, भ्यानकुभर, टोरन्टो र क्युवेक सिटीमा रहेका नेपाली समुदायका ५ जना नागरिकलाई फोन गरेको जानकारी प्राप्त भएको छ।

क्यानडामा बसोबास गरेका नेपाली समुदायका नागरिकको IRCC वा क्यानडा सरकारका अन्य निकायसँगको सम्पर्क वा सम्बन्ध वा कागजात सम्बन्धी कुनै पनि विषयमा यस राजदूतावास संलग्न नहुने हुँदा यसरी आउने झुटा टेलिफोन कलमा विश्वास नगर्न यहाँको संस्थामार्फत नेपाली समुदायका सम्पूर्ण नागरिकहरुलाई अनुरोध गरिदिनु हुन हार्दिक अनुरोध छ। यसरी टेलिफोन आएमा राजदूतावासलाई खबर गरिदिनुहुन समेत अनुरोध छ। यस बारेमा राजदूतावासले यहाँको सम्बन्धित निकायमा जानकारी गराएको छ।

साथैं, नेपाली राजदूतावासले टेलिफोन ह्याक भएको सम्बन्धमा सेवा प्रदायक कम्पनी Rogers लाई जानकारी गराएकोमा उक्त कम्पनीले ह्याकिङ्ग सम्बन्धी गुनासोहरु प्रशस्त आउने गरेको तर कम्पनीले यस विषयमा केही गर्न नसक्ने बताएको छ। ह्याकिङ्गबाट सुरक्षित हुने उच्च प्रविधि प्रयोग गर्न Rogers कम्पनीले सुझाव दिएको हुँदा राजदूतावासले सो प्रविधि अपनाउने बारेमा परामर्श गरिरहेको छ। फोन ह्याकिङ्गको समस्या समाधान हुन केही समय लाग्न सक्ने भएको हुँदा यस बीचमा ह्याकरबाट हुन सक्ने संभावित टेलिफोनमा विश्वास नगर्नु हुन एवं ह्याकरबाट कुनै Text Message वा अन्य कुनै प्रमाण हात परेमा अविलम्व नजिकको प्रहरी कार्यालय र यस राजदूतावासलाई खबर गरिदिनुहुन अनुरोध छ।

(दिलिप कुमार पौडेल)
काउन्सेलर